मधेश प्रदेश सरकार

महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालय

जनकपुरधाम नेपाल

सीपमूलक तालिम कार्यक्रम कार्यन्वियन कार्यशर्त तथा प्रस्तावपत्र २०७८

## १. परिचय

प्रदेश सरकार, महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालयको आव २०७८।७९ को स्वीकृत बार्षिक कार्यक्रममा सबैखाले एकल महिला विपन्न पिछडिएका महिलाहरु तथा दलित समुदायलाई प्राथमिकता सहित स्वरोजगार सम्बन्धी कार्यक्रम, महिलालाई अटोरिक्सा ड्राईभिग तालिम र अपाँगता भएका व्यक्तिरुलाई सीप विकास तथा क्षमता अभिवृद्दि तालिम सचालनको लागि बजेट व्यवस्था रहेको छ । उपरोक्त सीपमूलक तालिम कार्यक्रम कार्यन्वयन मन्त्रालयको आफ्नो तालिम प्रदान गर्ने निकाय तथा प्रशिक्षक नभएकोले सामुदायिक तथा निजी तालिम प्रदायक संस्था मार्फत गर्नुपर्ने देखिन्छ । सिपविकास तथा क्षमता विकास तालिम लक्षित वर्गका एकल महिला, विपन्न पिछडिएका महिलाहरु, दलित समुदाय र अपाँगता भएका व्यक्तिरु समेतलाई लागत अनुमान स्वीकृत गरी सबैखाले एकल महिला विपन्न पिछडिएका महिलाहरु तथा दलित समुदायलाई प्राथमिकता सहित स्वरोजगार सम्बन्धी तालिम, महिलालाई अटोरिक्सा तालिम र अपाँगता भएकालाई छोटो अवधिको क्षमता विकास तालिम प्रदान गर्नु पर्ने देखिन्छ । खासगरी सुविधाविहीन समूहका दलित, लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत, पछाडि परेको जनजाति र गरिबहरूका लागि रोजगारी पाउन र आयआर्जनमा सहयोग पुगी यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । मन्त्रालयद्धारा सन्चालन गर्ने तालिमहरु गुणस्तरिय, बजारमुखी, व्यवहारिक, स्वरोजगार मुलक एवं रोजगारमुखी बनाई सञ्चालन गर्न आवश्यक देखिएको छ । स्थानिय स्तरमा रोजगारी सिर्जनाहुने खालका सीपमुलक तालिमहरु सञ्चालन गरी एकल तथा न्युन आय स्तर भएका विपन्न महिलाहरुलाई स्वरोजगार बनाउनु मन्त्रालयको प्राथमिकता हो ।

यस तालिम कार्यक्रमका लागि तालिम प्रदायक संस्थाले कार्यक्रमले तोकेको सेवा तथा सर्तको अधिनमा रही सहभागीका लागि सूचना प्रकाशित गर्ने, सहभागी छनौट गर्ने, तालिम सँचालन गर्ने गराउने, परामर्श सेवा प्रदान गर्ने, सीप परीक्षणको व्यवस्था मिलाउन पहल गर्नेछ । यसै उद्धेश्य प्राप्तिको लागि चालु आ.व. ०७८।०७९ मा विभिन्न सीपमुलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने कार्यक्रम रहेकोले सो तालिम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन विधि र यो कार्य निर्देश शर्त (TOR) तयार गरिएको छ ।

आव २०७८।०७९ मा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार निम्नुसार कार्यक्रमहरु रहेका छन ।

| क्रस | कार्यक्रमको नाम | खर्च शीर्षक न | बजेट |
|---|---|---|---|
| १ | सबैखाले एकल महिला विपन्न पिछडिएका महिलाहरु तथा दलित समुदायलाई प्राथमिकता सहित स्वरोजगार सम्बन्धी कार्यक्रम (तालिम कार्यक्रम वस्तुगत टेवा सहित) | २२५२२ | २,००,००,००० |
| २ | महिलालाई अटोरिक्सा ड्राईभिग तालिम | २२५२२ | १५,००,००० |
| ३ | अपाँगता भएका व्यक्तिरुलाई सीप विकास तथा क्षमता अभिवृद्दि तालिम | २२५२२ | ५०,००,००० |

## २. आवश्यकता र औचित्य

प्रस्तुत कार्यक्रमले सुविधाविहीन समूहका दलित, लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत, पछाडि परेको जनजाति र गरिबहरूका लागि रोजगारी पाउन र आयआर्जनमा सहयोग पुगी यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित हुनेअपेक्षा राखिएको छ ।

## ३.कार्यक्रमको लक्ष्य तथा उद्देश्य

क लक्ष्य

सीपमुलक तालिमको माध्यमबाट एकल महिला,विपन्न, उपेक्षित र अन्य सबै महिलाहरुलाई आय आर्जनमा संलग्न गराउनको लागि सीपयुक्त जनशक्ति तयार गरी स्थानिय स्तरमा रोजगारी सिर्जना गरी बेरोजगारी घटाउने ।

रोजगारी पाउनसक्ने भई तथा स्वरोजगारी मार्फत आयआर्जन गरी महिला दलित अपाँगता भएका व्यक्तिको जीवनस्तरमा सुधार आउने

ख उद्देश्य

मन्त्रालयबाट लक्षीत समुहको लागि सचालन हुने सीपविकास सम्बन्धी तालिम सचालन गर्नुको निम्न उद्देश्य रहेकाछन ।

- मधेश प्रदेशका विभिन्न जिल्लाका क्षेत्रका एकल महिला, विपन्न, दलित, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्र समेतको अन्य सबै खाले महिलाहरुको पहुँच हुने गरी सीपमुलक तालिम प्रदान गर्ने ।
- सीप तथा व्यावसायिक तालीमका अवसरहरु वृद्धि गरी यस्ता तालिमहरु सेवाग्राहीको निकटमै सञ्चालन गरी स्वरोजगारको अवसर सिर्जना गर्ने वातावरण तयार गर्ने ।
- स्वदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशील, दक्ष, सीपयुक्त श्रमशक्ति विकास गरी बेरोजगारी न्यूनीकरण गर्ने ।
- रोजगार केन्द्रित लगानीको माध्यमवाट रोजगारीका अवसर तथा संभावनाहरु उजागर गर्दै निर्धारित क्षेत्रमा निश्चित अवधिभित्र सीपयुक्त जनशक्ति तयार गर्ने ।

**४. अपेक्षित उपलब्धी**

तालिम कार्यक्रम समाप्त भए पश्चात निम्न उपलब्धिहरु हासिल हुनेछन्

- रोजगारीमा महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, द्वन्द प्रभावित, अति विपन्न परिवार तथा सीमान्तकृत क्षेत्र र समूहका व्यक्तिहरुको पहुंचमा वृद्धि भएको हुनेछ ।
- राष्ट्रिय श्रम बजारको माग अनुरुप सीपयुक्त श्रमशक्ति तयार भइ रोजगारीमा पहुच बढ्नाले बेरोजगारी घटेको हुनेछ ।
- स्वरोजगार सिर्जना गर्ने सोचाइ अभिवृध्दि हुने र स्वरोजगार हुनसक्ने
- स्थानीय श्रम बजारमा रोजगारी पाउन सकिने,
- उत्पादकत्व र कार्य कुशलता बढ्ने र फलस्वरुप पारिश्रमिकमा बृद्धि हुने
- सीपयुक्त श्रमशक्तिबाट आर्थिक विकासमा टेवा पुग्ने ।

### ५. तालिमको विषय तथा क्षेत्र

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तोकेको पाठ्यक्रम वा अन्य आधिकारिक निकायले बनाएको स्वीकृत पाठयक्रम अनुसारको मात्र तालिम कार्यक्रम सँचालन हुनेछ । चालु बर्षको स्वीकृत कार्यक्रम अनुसारका तालिम कार्यक्रमहरु स्वीकृत पाठ्यक्रम अनुसार सचालन हुनेगरी निम्न विषयका तालिमहरू तालिमको अवधि कार्यान्वयन हुने स्थान र  तालिम समुह तथा सहभागीको संख्या हुनेछ ।

१. सबैखाले एकल महिला विपन्न पिछडिएका महिलाहरु तथा दलित समुदायलाई प्राथमिकता सहित स्वरोजगार सम्बन्धी कार्यक्रम

| तालिमको विषय | अवधि | समुह सख्या | सहभागि सख्या | कार्यन्वयन स्थान र विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थान | समुह | सहभागी सख्या | |
| कटाई सिलाई | ३९० घण्टा | १० | २०० | वरहथवा नपा १ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा २ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा ३ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा ४ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा १३ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा १४ सर्लाही | १ | २० | |
| | | | | वरहथवा नपा १५ सर्लाही | १ | २० | |
| | | | | वसवरिया गापा १ सर्लाही | १ | २० | |
| | | | | वसवरिया गापा १ सर्लाही | १ | २० | |
| | | | | वसवरिया गापा १ सर्लाही | १ | २० | |
| व्युटिपार्लर | ३९० घण्टा | ३ | ६० | जनकपुर उमनपा भित्र | १ | २० | |

प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | विरगँज मनपा भित्र | १ | २० | |
| | | | | मलगवा नपा भित्र | १ | २० | |
| मन्टेश्वरी | ३९० घण्टा | ४ | ८० | जनकपुर | १ | २० | |
| | | | | वागमती | १ | २० | |
| | | | | वीरगज | १ | २० | |
| | | | | राजविराज | १ | २० | |
| मोबाईल मर्मत | ३९० घण्टा | | | लाहान | १ | २० | |
| माछापालन(फिसियरी टेक्निसियन | ३९० घण्टा | | | जनकपुर | १ | २० | |
| गुडिया बनाउने | ३९० घण्टा | | | निजगढ | १ | २० | |
| | | | | वर्दिवास | १ | २० | |
| | | | | गौर | १ | २० | |

२. महिलालाई अटोरिक्सा ड्राईभिग तालिम

| तालिमको विषय | अवधि | समुह सख्या | सहभागि सख्या | कार्यन्वयन स्थान र विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थान | समुह | सहभागी सख्या | |
| अटोरिक्सा ड्राईभिग तालिम | १६० घण्टा | २ | ४५ | विरगज | १ | १५ | पर्सा, वारा र रौतहटको सहभागिको लागि |
| | | | | जनकपुर | १ | १५ | धनुषा र महोत्तरीको सहभागिको लागि |
| | | | | लाहान | १ | १५ | सिराहा र सप्तरीको सहभागिको लागि |

३. अपाँगता भएका व्यक्तिरुलाई सीप विकास तथा क्षमता अभिवृद्दि तालिम

| तालिमको विषय | अवधि | समुह सख्या | सहभागि सख्या | कार्यन्वयन स्थान र विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थान | समुह | सहभागी सख्या | |
| साकेतिक भाषा तालिम | ३९० घण्टा | १ | २० प्रदेश भरिबाट | सिराहा प | १ | २० | |
| सिलाईकटाई तालिम | ३९० घण्टा | १ | २० प्रदेश भरिबाट | | १ | २० | |
| कम्प्युटर तालिम | ३९० घण्टा | १ | २० प्रदेश भरिबाट | जनकपुरधाम | १ | २० | |
| मोवाईल मर्मत तालिम | ३९० घण्टा | १ | २० प्रदेश भरिबाट | वीरगंज | १ | २० | |
| बाद्यवादन | ३९० घण्टा | १ | २० प्रदेश भरिबाट | | १ | २० | |

**६. लागत अनुमान**

सीप विकास सम्बन्धी मन्त्रालयले सचालन गर्ने तालिमको खर्च नर्मस तथा लागत अनुमान तालिम विषयको पाठ्यक्रम अनुसार हुनेगरी मन्त्रालयले स्वीकृत गरे अनुसार हुनेछ ।

**७. तालिम संचालन गर्ने तालिम प्रदायक (परामर्शदाता)हरुको योग्यता**

छोटो अवधिको तालिम सञ्चालन व्यावसायिक तालिमका क्षेत्रमा ज्ञान तथा अनुभव भएका संस्थाहरूबाट गराइने छ । यी संस्थाहरू भनेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को विधानले संगठित गरेका संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिष्दसँग संम्वन्धन प्राप्त गरेका संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट स्वीकृति लिई स्थापित निजी तथा सामुदायिक संस्थाहरू, व्यावसायिक विषयमा छोटो अवधिको तालिम सञ्चालन गर्ने उद्देश्य भएका अन्य आधिकारिक निकायमा दर्ता भएका सरकारी, निजी तथा सामुदायिक संस्थाहरू हुनेछन ।

क तालिम संचालन गर्ने तालिम प्रदायक (परामर्शदाता)हरुको योग्यता निम्नानुसार हुनेछ ।

१. तालिम संचालनको उद्धेश्य राखी प्रचलित कानुन अनुसार दर्ता भएको र आ.व. ०७७।०७८ सम्मको लागि नविकरण तथा अध्यावधिक गरेको पत्र ।

२. प्रचलित कानुन अनुसार स्विकृति सम्बन्धन लिनुपर्ने विषयहरुमा तालिम संचालनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT)बाट स्विकृति संम्बन्धन र नवीकरण समेत हुनुपर्ने । अन्य संबन्धित निकायबाट अनुमति लिनुपर्ने विषयहरुमा सम्बन्धन लिएको ।

३. मूल्यअभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएको।

४. आ.व. ०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्र भएको ।

६. प्रचलित कानुन अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सुचीमा नपरेको ।

७ तालिम प्रदायक संस्थाले प्रत्येक तालिम विषयको अलग अलग प्रस्ताव पेश गर्नु पर्नेछ ।

८ प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था कम्तिमा विगत ३ वर्ष देखि समान प्रकृतिको काम गरेको हुनु पर्नेछ । कार्य अनुभवको लागि कार्यसम्पन्न पत्र पेश भएको हुनुपर्नेछ ।

९ प्रमाणको लागि पेश हुने कागजात नोटरी प्रमाणित हुनु पर्नेछ ।

१० इच्छुक तालिम प्रदायक संस्थाले मन्त्रालयले उपलब्ध गराएको ढांचामा आशयपत्र पेश गर्नुपर्नेछ ।

सरकारी र सामुदायिक तालिम प्रदायक संस्थाहरुका लागि भने यो प्रवधानका सबैकुरा लागू हुनेछैन ।

ख) तालिम प्रदायक ले तालिमका लागि निम्न अनुसारको प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ

१ पाठ्यक्रममा तोकिए बमोजिमको योग्यता भएका एक समूह (२० जना) को लागि २ जना एक प्रमुख प्रशिक्षक र १ सहायक प्रशिक्षक हुनेछ । बजेट उपलब्धताको आधारमा प्रति समुह सख्या मन्त्रालयले घटबढ गरी तोक्नसक्नेछ ।

२ प्रशिक्षार्थी प्रशिक्षक अनुपात २०:२ हुनेछ वा समुहगत तोकिएको सख्याको आधारमा प्रतिकक्षा २ प्रशिक्षक हुनेछन ।

ग) उक्त तालिम संचालनको क्रममा तालिम प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ

१) तालिम संचालन गर्नु पूर्व नगरपालिका वडा कार्यालयसंग समन्वय गरी कार्यक्रम कार्यान्वयन योजनालाई अन्तिम रुप दिनु पर्नेछ ।

२) प्रभावकारी रुपले तालिम संचालन गर्न आवश्यक तालिम सामाग्रीहरु समयमा नै प्रयाप्त व्यवस्था गर्नुपर्नेछ ।

३) तालिम संचालनका सिलसिलामा आवश्यक अन्य व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेवारी तालिम संचालन गर्ने तालिम प्रदायकको नै हुनेछ ।

घ. तालिम प्रदायक संस्थाको मुख्य जन शक्तिको पद नाम तथा योग्यता

क) कार्यक्रम व्यवस्थापक

१ शैक्षिक योग्यताको हकमा कम्तीमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित क्षेत्रमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने ।

२ कार्यक्रम व्यवस्थापक भई हाल कार्यरत रहेको हुनुपर्नेछ ।

**कार्यक्रम व्यवस्थापकले गर्नुपर्ने कामहरु**

१ सम्झौता बमोजिमको तालिम प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित अनुगमन गर्ने,

२ कार्यक्रम गर्न तोकिएका पालिका वा वडासँग मुख्य समन्वयकर्ता भई कार्य गर्ने,

३ कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिई गुणस्तर कायम गर्न सहयोग गर्ने,

ख) प्रशिक्षक

प्रशिक्षकले गर्नुपर्ने कामहरु

१ तालिम योजना तयार गर्ने,

२ तालीम योजना अनुसार तालिमको पूर्व तयारी गर्ने,

३ तालिममा सहभागीहरुबाट र अनुगमनकर्ता तथा सुपरिवेक्षकबाट प्राप्त पृष्ठपोषण लिई गुणस्तरीय तालिमको लागि आवश्यक सुधार ल्याउने,

४ तालिम दिंदा आईपर्ने समस्याहरु बारे समयमै सम्बन्धित व्यवस्थापकलाई अविलम्ब जानकारी दिई समस्या समाधान गर्ने ।

प्रदेश
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

**प्रशिक्षकको योग्यता**

१ संबन्धित विषयमा CTEVT तह २ पास गरेको र TOT भएको । अथवा CTEVT बाट संबन्धित विषयमा TSLC वा डिप्लोमा गरेका प्रशिक्षक हुनुपर्नेछ

२ सहायक प्रशिक्षकको हकमा CTEVT तह १पास भएको

८. तालिम प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय

मंन्त्रालय सँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ । साथै सम्पूर्ण तालिम कार्यक्रम ढिलोमा २०७९ बैशाख मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । मनासिव कारण सहित समय थपको निवेदन गरेमा मन्त्रालयले २०७९ जेष्ठ मसान्त सम्म समयावधि थप गर्न सक्नेछ ।

**८. तालिम प्रदायक संस्था छनौट**

क तालिम प्रदायक सस्थाबाट सूचिकृत हुन आसयपत्र माग गर्ने

योग्यता पुगेका तालिम प्रदायक सस्थाबाट तालिम सचालन गर्न सूचिकृत हुने आशयको १५ दिने सूचना मन्त्रालयले प्रकाशन गर्नेछ र सूचनाको समय भित्र तालिम प्रदायक सस्थाबाट रितपूर्वक आवेदन प्राप्त भएपछि मूल्याकन समितिले मूल्याकन गरी सक्षिप्त सूचि तयार गरी प्रकाशन गर्नेछ । आशयपत्र छनौटका आधारहरु निम्नानुसार हुनेछन ।

| क्र.स | मुल्यांकनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | अनुभव | ५० |
| २ | योग्यता | ३० |
| ३ | क्षमता | २० |
| | जम्मा | १०० |

ख प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने

तालिम प्रदायक संस्था वा परामर्शदाताले मन्त्रायबाट प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना प्रकाशन भए अनुसार प्रस्ताव पेश गर्ने सूचना प्राप्त गरे पश्चात प्राविधिक तथा आर्थिक प्रस्ताव प्राप्त गर्ने, प्राप्त

प्रस्ताव तयार गरी पेश गर्ने, प्रस्ताव स्वीकृत भएमा मंत्रालय र तालिम प्रदायक बीच सम्पन्न सम्झौताका शर्तहरु बमोजिम तालिम कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु, अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा मन्त्रालयमा सम्पर्क गर्नु पर्नेछ । साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा मन्त्रालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नु पर्नेछ ।

ग. प्रस्ताव पेश गर्ने

प्रस्तावदाताहरुले आर्थिक र प्राविधिक सहितको प्राविधिक प्रस्ताव मंत्रालयमा प्रस्ताव पेश गर्ने सुचना बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न प्रस्तावित कार्यविधि (Methodology), कार्ययोजना (Work-plan), जनशक्तिको वैयक्तिक विवरण(CV) तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका आवश्यक कागजातहरु तथा निर्देशन महलमा उल्लेख भए बमोजिम समावेश गर्नुपर्नेछ । आर्थिक प्रस्तावमा मू.अ.कर रकम छुट्याई तालीम सञ्चालनको लागि प्रस्तावदाताले सेवा शुल्क सहितको रकम आर्थिक प्रस्तावको ढाँचामा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ । प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सही गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ ।

सार्वजनिक खरिद ऐन नियमावली अनुसार सेवा परामर्श को लागि सार्वजनिक सुचना प्रकासन गरी तालिम प्रदायकहरुलाई प्रस्ताव सम्बन्धी कागजात उपलब्ध गराई कम्तिमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गरिनेछ । प्राविधिक तथा आर्थिक प्रस्तावको मान्य अबधि प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि १२० दिन सम्म हुनेछ । माग गरिएको प्राविधिक र आर्थिक प्रस्तावको संलग्न ढांचा बमोजिम विवरण भरी समावेश गरी प्रस्ताव तयार गर्नुपर्नेछ । प्राविधिक प्रस्तावतर्फ प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिले आफ्नो हालसालैको व्यक्तिगत विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरको हुनु पर्नेछ ।

**९. मूल्यांकनको आधार**

प्राविधिक प्रस्ताव मूल्यांकन गरेपछि मात्र आर्थिक प्रस्ताव मुल्याकंन गरिनेछ । लागत र गुणस्तर विधिद्वारा आर्थिक प्राविधिक प्रस्ताव मूल्याकंन गरिनेछ । प्रभावकारी रुपमा तालिम संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलावा थप जनशक्ति परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन । प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम मंन्त्रालयले चालु आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रममा बाँडफांड भई आएको श्रोतबाट व्यहोरिनेछ । प्रस्ताव मूल्यांकनको लागि तालिमको गुणस्तरलाई समेत ध्यान दिनु पर्ने भएकोले गुणस्तर

प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

र लागत विधि अपनाई यस कामको प्रकृति अनुसार प्राविधिक प्रस्तावको मूल्यांकन देहाय बमोजिमको आधारमा गरिनेछ ।

| क्र.स | मुल्यांकनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | सम्बन्धित विषयमा तालीम दिइएको अनुभव | २० (दश) |
| २ | कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता(कार्ययोजना समेत) | ३० (तीस) |
| ३ | मुख्य मुख्य जनशक्तिको योग्यता , तालीम र अनुभव | ४० चालिस |
| ४ | प्रविधि हस्तान्तरण तथा तालीम | १० (दश) |
| | जम्मा | १००(सय) |

प्रस्तावको छनौट गर्न गुणस्तर र लागत विधि अपनाइने भएकोले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गरी सफल प्रस्तावदाताहरुको प्रस्ताव स्वीकृत गरी छनौट गरिनेछ ।

**क) प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{प्राविधिक प्रस्तावको प्राप्ताङ्क} \times ८०}{१००}$$

**ख) आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{आर्थिक प्रस्तावमध्ये सबैभन्दा घटी कबोल अंक} \times २०}{\text{प्रस्तावदाताको आफ्नो कबोल अंक}}$$

ख) माथि (क) र (ख) मा प्राप्त गरेको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्यांकन गर्दा सबै भन्दा बढी अंक पाउने प्रस्तावदाता सफल हुने हुंदा निजलाई तालिम सचालनको लागि छनौट गरिनेछ ।

मूल्याकनको विस्तृत आधार अनुसूचि २ बमोजिमको हुनेछ ।

## १०. तालिम प्रदायक संस्थाको दायित्व

तालिम प्रदायक संस्थाले सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ । उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको तालिमको सम्बन्धमा कुनै सिकायत प्राप्त भई कुनै समूहमा पुनः तालीम कार्यक्रम संचालन गर्नुपर्ने भएमा सो तालिम सञ्चालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ । साथै आचरण सम्बन्धमा कुनै सिकायत प्राप्त भएमा आचरण महलमा उल्लेख भए बमोजिम हुनेछ । तालिम सञ्चालनको क्रममा मन्त्रालयलाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सोको जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वयम् हुनेछ ।

## ११. तालिम संचालनको अनुगमन तथा सुपरीवेक्षण तथा सिफारिश

तालिम संचालनको क्रममा बीच बीचमा तालिमको अनुगमनसुपरिवेक्षण गर्न मंत्रालयका पदाधिकारी कर्मचारीहरु पनि खटाईनेछ । खटिएका कर्मचारीहरुले देहायका बुँदाहरु समेत समावेश गरी आफ्नो राय तथा प्रतिबेदन मंत्रालय समक्ष पेश गर्नु पर्नेछ ।

क) तालिम व्यवस्थित रुपमा सम्पन्न भए नभएको ?

ख) तालिम संचालनबाट उल्लेखित उद्देश्य प्राप्ति भए नभएको ?

ग) तालिम संचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधाको व्यवस्था पर्याप्त मात्रामा गरिएनगरिएको ?

घ) तालिममा प्रशिक्षार्थीहरुको तोकिएको संख्यामा उपस्थित भएनभएको र सहभागिको सक्रिय सहभागिता रहे नरहेको ?

ङ) तालिम संचालनका लागि निर्धारित ढाँचा तथा प्रक्रिया पुरा गरे नगरेको ?

च) तालिम निर्धारित मिति, समय, स्थान तथा समूहमा संचालन भए नभएको ?

छ) निर्धारित कार्ययोजना अनुसार कार्य सम्पन्न भए नभएको ?

ज) उपयुक्त समय र कार्यालयको निर्धारित ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरे नगरेको ?

झ) तालिम निःशुल्क रुपमा संचालन भए÷नभएको ?

ञ) उक्त तालिम निःशुल्क रुपमा संचालन भएको व्यानर तयार गरी तालीम स्थल बाहिर (सबैले पढ्न सक्ने गरी) राखिएको छ÷छैन ?

ट) तालिममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुले दैनिक हाजिरी दस्तखत गरे÷नगरेको ?

ठ) स्वीकृत भएको पाठ्यक्रम  अनुसार प्रशिक्षण भए नभएको ?

## १२. आचरण

मन्त्रालय तथा परामर्शदाताहरुको लागि देहाय बमोजिमको आचार संहिता लागू हुनेछ ।

क छनौट भएको परामर्शदाताले कार्यक्षेत्रगत शर्त(TOR) तथा सम्झौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समायावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ ।

ख प्रस्ताव पेश गर्दा प्रस्तावदाताहरुले  झुठा विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाइने छैन । तर सो बमोजिम गरी प्रस्ताव पेश गरेको जानकारी प्राप्त हुन आएमा सो को छानविन गरी  तथा झुठा विवरण समावेश भएको पाईएमा सम्बन्धित प्रस्तावदाताहरुको प्रस्ताव रद्द गर्न समेत सकिनेछ ।

ग यो सम्झौताको कार्यान्वयनको अवधि तथा यो सम्झौता समाप्त भए पश्चात पनि सेवा संग सम्बन्धित प्राप्त कुनै गोप्य राख्नुपर्ने सूचना वा अन्य कुरा मन्त्रालय संग लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरे सम्म गोप्य नै राख्नुपर्नेछ ।

घ मन्त्रालय ले प्रस्तावमा उल्लेख भए बमोजिम समयमै प्रतिवेदन पेश भए पछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम भुक्तानी दिइनेछ ।

## १३. भुक्तानी प्रक्रिया

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरु मध्ये तालिम सञ्चालन सेवा उपलब्ध गराउनका लागि छनौट भईसकेपछि मन्त्रालय र सम्बन्धित परामर्शदाता बीच सम्झौता गरिनेछ । उक्त सम्झौतामा परामर्शदातालाई दिईने भुक्तानीका सम्बन्धमा देहाय बमोजिमको शर्त समेत समावेश गरिनेछ ।

क) तालिम प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरिसकेपछि  मन्त्रालयले  तोकिएको ढाँचामा “कार्य सम्पन्न प्रतिवेदन” का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजात मन्त्रालय  समक्ष पेश गर्नुपर्नेछ।

ख) तालिम प्रदायकले मन्त्रालय समक्ष लिखित निवेदनका साथै आवश्यक कागजात सहित भुक्तानी माग गरेकोमा र आवश्यक कागजात दुरुस्त भएमा सो मितिले २ हप्ता भित्र भुक्तानी दिइनेछ ।

ग) तालिम प्रदायक संस्थाका लागि गरिने भुक्तानी तरिका

तालिम प्रदायक संस्थालाई तालिम सचालन वापत गरिने भुक्तानी प्रतिव्यक्ति सहभागितामा आधारित हुनेछ । रकमको भुक्तानी दिंदा निम्नानुसार किस्ताबन्दीमा दिइने छ ।

१) पहिलो किस्ता

पहिलो किस्ता रकम संझौतामा उल्लेख भए बमोजिमको शर्तमा प्रति सहभागी प्रतिफल लागत रकमको २० प्रतिशतले हुन आउने रकम तालिम सुरु भएको १५ दिनभित्र पहिलो किस्ताको रुपमा भुक्तानी दिइने छ । यो किस्ता प्राप्त गर्न तालिम प्रदायक संस्थाले तालिम सुरु भएको जानकारी मन्त्रालयमा दिनु पर्नेछ र तालिम कार्यक्रममा भर्ना भएका सहभागीहरूको विस्तृत विवरण पालिकाको सिफारिश सहित मन्त्रालयमा अभिलेखन गराउनु पर्ने छ । मन्त्रालयले उक्त विवरण आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी रुजु गर्ने छ । भुक्तानी प्रति सहभागीका आधारमा दिइने छ ।

२) दोस्रो किस्ता

संझौतामा उल्लेख भएबमोजिमको प्रति सहभागी एकाइ प्रतिफल लागत रकमको वाकी रकम कार्य सम्पन्न प्रतिवेदन स्थानीय तहको सिफारिश र अनुगमन प्रतिवेदनको आधारमा दिइने छ । भुक्तानी प्रति सहभागीका आधारमा दिइने छ । कार्यक्रम समापनको जानकारी मन्त्रालयलाई गराएको हुनु पर्दछ ।

कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई भुक्तानी गरिनेछैन ।

## १४. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धी व्यवस्था

क) तालिम प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए बमोजिम तालिम कार्यक्रम सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसकेको कामका लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

ख यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

## १५. तालिम संचालन कार्य प्रक्रिया र कार्यशर्तहरु

१) तालिम प्राप्त गर्ने तालिम प्रदायक फर्म, संस्था वा कम्पनीले यस मंत्रालयबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नु पर्नेछ ।

२) तालिममा सहभागी हुन इच्छुक प्रशिक्षार्थीका लागि सम्बन्धित तालिम प्रदायकको समन्वयमा सम्बन्धित वडा कार्यालयले कम्तिमा ७ दिनको सार्वजनिक सूचना गर्नु पर्नेछ । सूचना गर्दा पत्रपत्रिका , एफ. एम., बढी जनसम्पर्क हुने स्थानहरु नगरपालिका कार्यालय ,वडा कार्यालय, तथा सार्वजनिक स्थानहरुमा पनि सूचना टांस गर्नुपर्नेछ

३) तालिमका लागि एकल महिला, गरिविको रेखामुनी रहेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाति तथा द्वन्द्व प्रभावित क्षेत्रका महिलाहरुलाई विशेष प्राथमिकता दिने नीति रहेको हुंदा आवेदन गर्ने इच्छुक प्रशिक्षार्थीहरु मध्ये एकल महिला पिछडिएका वर्ग, जनजाती, मधेशी, मुस्लिम, एकल तथा अन्य महिला र द्वन्द्व प्रभावित महिला मध्येबाट छनौट गर्नुपर्नेछ । अपागको लागि छुट्याईएको तालिमको लागि अपाग व्यक्ति मात्र सहभागी हुन पाउनेछन ।

४) तालिमका लागि प्रशिक्षार्थी छनौट गर्दा लक्ष्य भन्दा २० प्रतिशत बढी छनौट गरि प्रतिक्षा सूचीमा राख्नुपर्नेछ । तालिम शुरु भएको ५ दिन सम्म पुरा लक्ष्य अनुसारको प्रशिक्षार्थी तालिममा सहभागी हुन नआएमा प्रतिक्षा सूचीका प्रशिक्षार्थीहरुलाई सहभागी गराई लक्ष्य अनुसारका संख्यामा तालिम प्रदान गर्नुपर्नेछ ।

५) तालिम दिनको बढीमा ६ घण्टा सम्म संचालन गर्न सकिनेछ । विदा वा वन्द भई समयमा कम हुने अवस्था भएमा अन्य दिन तालिम संचालन गरेर भए पनि तोकिएको कार्य घण्टा पूरा गरेको हुनुपर्नेछ ।

६) तालिमको सुपरिवेक्षण पालिका लगायत तालुक निकायवाट जुनसुकै वखत हुन सक्नेछ ।

७) तालिम सैद्दान्तिक र व्यवहारिक ज्ञान दिने गरि संचालन गर्नुपर्नेछ ।

८) तालिम संचालनको अवधिमा मन्त्रालय तथा तालुक र मातहतका निकाय तथा पदाधिकारीवाट अनुगमन गरिने भएकोले तालिम संचालनको स्थान, अवधि र अन्य विवरण पालिका र मन्त्रालयमा अग्रीम जानकारी गराउनु पर्नेछ ।

९) तालिम समापन पछि प्रशिक्षार्थीको हाजिरी तथा व्यक्तिगत विवरण लगायत संझौतामा उल्लेखित कुराहरु समावेश गरी तालिम प्रदायकले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१०) प्रशिक्षार्थीहरुको लागि आवश्यक पर्ने तालिम सामग्री, प्रयोगशाला, प्रशिक्षण सामग्री लगायतका तालिमसंग सम्वन्धित सेवाहरु सेवा प्रदायक संस्थाले तालिम स्थलमा प्रयोगात्मक कार्यको लागि अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

११) तालिम प्रदायकले प्रशिक्षार्थीवाट कुनै शुल्क, दस्तुर आदि उठाउन वा लिन पाउनेछैन ।

१२) तालिम समापन पछि प्रशिक्षार्थीलाई मन्त्रालयको समन्वयमा सेवा प्रदायकले प्रमाण-पत्र तयार गरि दिनुपर्नेछ ।

१३) तालिम प्रदायकले तालिम सञ्चालित हुनु अगाडि तालिम सञ्चालन शुरु हुने दिन, दैनिक समयावधि, प्रशिक्षक तथा प्रशिक्षार्थीको विवरण र तालिम समापन हुने समयमा सो जानकारी मन्त्रालय अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

१४) सीप परिक्षण सम्बन्धी व्यवस्था मन्त्रालयले निर्णय गरे अनुसार हुनेछ ।

**१६. तालिमको लागि सहभागी छनोट**

तालिमका लागि सहभागी छनोट गर्दा तालिम प्रदायक संस्थाहरुले निम्नलिखित कुराहरुलाई आधार बनाउनु पर्ने छः

क) नेपाली नागरिक

ख) साधारण लेखपढ गर्न र हिसाव गर्न सक्ने

ग) १६ देखि ४० बर्ष बीचको उमेर (महिलाको हकमा १६ देखि ४५ वर्ष) तालिम लिन इच्छुक कार्यक्रम अनुसारको लक्षीत समुहका व्यक्तिले आफूले तालिम लिन चाहेको विषयमा तालिमको लागि निवेदन दिनुपर्नेछ । तालिम प्रदायक संस्थाले स्थानीय वडा कार्यालयमा समन्वय गरी वडा कार्यालयको सिफारिश अनुसारकालाई तालिम दिनु पर्नेछ ।
सहभागिले तालिमको लागि दिने आवेदन अनुसूचि १ बमोजिमको हुनेछ ।

**१७. पाठयक्रम**

तालिम संचालनको लागि नेपाल सरकारको तालिम प्रदायक संस्थाहरु CTEVT, व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु, घरेलु कार्यालयहरुले प्रयोग गरेको पाठयक्रम र मापदण्ड अनुसार तालिम संचालन गरिनेछ ।

## १८. स्वास्थ्य मापदण्ड अपनाउनु पर्ने

तालिम प्रदायकले तालिम सचालन गर्दा सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाउनु पर्दछ ।

## १९. प्रचलित कानून अनुसार हुने

यस सीपमूलक तालिम कार्यक्रम कार्यन्वियन कार्यशर्त TOR तथा प्रस्तावपत्र, २०७८ मा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।